म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ८४ सोमबार १३ कात्तिक २०८० ने. सं. ११४३ कौलागा 30 October 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमतीका दर्लामीको उपचारको क्रममा मृत्यु

हेटौंडा, १२ कार्तिक/धरान-चतरा सडकखण्डअन्तर्गत मकवानपुरको बागमती-७ लामिटार भएको मोटरसाइकल दुर्घटनामा घाइते चालकको मृत्यु भएको छ ।

८ कार्तिकमा बागमतीको झुरझुरेबाट हेटौंडा आउँदै गरेको ना ३० प ३४८१ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई बिजुलीको पोलमा ठोक्किए दुर्घटना भएको थियो । दुर्घटनामा चालक मकवानपुर बागमती-६ ठाडीखोला बस्ने २२ वर्षका सन्तोष दर्लामी र सोही स्थान बस्ने २१ वर्षका प्रदिप लोप्चन घाइते भएका थिए ।

गम्भीर घाइते सन्तोषको अन्नपुर्ण न्युरो अस्पताल काठमाडौंमा उपचारको क्रममा शनिवार राति ज्यान गएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

### उपमहानगरको राजश्व संकलन उत्साहजनक

# प्रथम त्रैमासिकमै गतवर्षभन्दा ८७ लाख बढी

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को प्रथम त्रैमासिकमा गतवर्षभन्दा ८६ लाख रुपैयाँ बढी राजश्व संकलन गरेको छ ।



गत आर्थिक वर्ष २०७९/८० को प्रथम त्रैमासिक (साउन, भदौ र असोज) मा उठाइएको राजश्व रकमभन्दा चालु आवको सोही अवधिमा संकलित राजश्व ८६ लाख अर्थात् ३५ दशमलव ७४ प्रतिशतले बढी हुन आएको हो । एक वर्षको अन्तरालमा प्रथम त्रैमासिकभित्र झण्डै एक करोड रुपैयाँ बढी राजश्व संकलन गर्नुलाई उपमहानगरले आर्थिक प्रगतिको रुपमा लिएको छ । उपमहानगरले गत आव २०७९/८० को प्रथम त्रैमासिकमा १० करोड २६ लाख २१ हजार एकसय ७७ रुपैयाँ संकलन गरेको थियो ।

त्यसको ठीक एक वर्षपछि अर्थात् चालू आव २०८०/८१ को प्रथम त्रैमासिकमा ११ करोड १३ लाख चारसय १९ रुपैयाँ संकलन गरेको हो । गत आवभन्दा चालू आवको प्रथम त्रैमासिकमा संकलित राजश्व रकम ८६ लाख ७९ हजार दुईसय ४१ बढी उठेको उपमहानगरका प्रवक्ता एवम् १ नम्बर वडा अध्यक्ष सविन न्यौपानेले जानकारी दिए ।

उपमहानगरले चालु आवमा ३१ करोड १४ लाख ५५ हजार रुपैयाँ आन्तरिक राजश्व संकलन गर्ने अनुमान गरेको छ । हालसम्म संकलित राजश्वको आंकलन गर्दा वार्षिकरुपमा अनुमान गरिएको भन्दा बढी संकलन हुन सक्ने अनुमान गरिएको प्रवक्ता न्यौपानेले बताए । राजश्व परामर्श समिति सदस्यसमेत रहेका न्यौपानेका अनुसार कर प्रशासनलाई चुस्त बनाउँदै करको दरभन्दा दायरा बढाउने काममा आफूहरु सक्रिय रहेको बताए ।

चालु आवको समीक्षा अवधिमा करिब १ करोड बढी राजश्व संकलन हुनु प्रगतिको रुपमा रहेको उनले बताए । 'नदीजन्य पदार्थको ठेक्का बन्दोबस्त गर्न आईईई स्वीकृत नभएका कारण समस्या परिरहेको भन्दै त्यसको बाबजुद पनि आन्तरिक आयको लक्ष्य प्राप्तिको लागि उपमहानगर लागिरहेको छ', प्रवक्ता न्यौपानेले भने ।

राजश्व संकलन कार्यलाई सहज, व्यववस्थित बनाउँदै चुस्त, दुरुस्त सेवा प्रदान गरिएकोले बढी राजश्व संकलन भएको प्रवक्ता न्यौपानेको भनाइ छ । उपमहानगरले सेवाग्राहीलाई सहज हुने गरी कार्यालयबाट सेवा प्रवाह गरिरहेको बताए । उपमहानगरले चालू आवको प्रथम त्रैमासिकमा एकीकृत सम्पति कर दुई करोड ९१ लाख ७९ हजार चारसय ४९ रुपैयाँ र गत आवमा दुई करोड ४२ लाख ६९ हजार छसय २८ रुपैयाँ संकलन गरेको छ । भूमिकर/मालपोतको राजश्वमा भने उपमहानरलाई घाटा लागेको छ । ५० हजार संकलन गर्ने अनुमान गरिए पनि चालू आवको तीन महिनामा दुई हजार नौसय ७० मात्रै संकलन भएको छ । गत आवको तीन महिनामा उपमहानगरले सात हजार तीनसय एकरुपैयाँ संकलन गरेको थियो ।

उपमहानगरले घर बाहल कर गत आवमा एक करोड २७ लाख २० हजार सातसय ९६ रुपैयाँ र चालू आवमा एक करोड ८३ लाख ५३ हजार पाँचसय ८८ रुपैयाँ संकलन गरेको छ । गत आवमा ५३ लाख ९६ हजार चार सय ५० रुपैयाँ पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर संकलन गरेको उपमहानगरले चालू आवमा दुई करोड ४५ लाख ४३ हजार चार सय १३ रुपैयाँ संकलन गरेको छ । पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर संकलनमा उपमहानगरले ८१ दशमलव ८१ प्रतिशतले प्रगति गरेको छ । व्यवसाय कर गत आवभन्दा चालु आवमा १४ लाख २८ हजार ५५ रुपैयाँ बढी संकलन गरेको कार्यालयले जानकारी दिएको छ ।

उपमहानगरलाई ढुंगा, गिट्टी र बालुवा संकलन शुल्कमा भने घाटा लागेको छ । गत आवमा ढुंगा, गिट्टी र बालुवा संकलन शुल्कबाट दुईकरोड ६३ लाख १९ हजार पाँचसय ८३ रुपैयाँ उठाएको उपमहानगरले चालु आवको तीन महिनामा प्रगति शून्य छ । ढुंगा, गिट्टी र बालुवा बिक्री गर्दा गत आवमा एकलाख ११ हजार सातसय २० रुपैयाँ संकलन गरेको उपमहानगरको चालू आवको प्रगति शून्य छ । गतवर्ष २० लाख ४५ हजार ६० रुपैयाँ सार्वजनिक शौचालयबाट राजश्व उठाएको उपमहानगरले चालु आवमा राजश्व उठाउन नसकेको कार्यालयले जानकारी दिएको छ । कवाडी संकलन तथा बिक्रीबाट उपमहानगरले गत आवभन्दा चालु आवमा ३६ लाख ६४ हजार ६९ रुपैयाँ बढी राजश्व उठाएको हो ।

चालु आवको प्रथम त्रैमासिकमा ७१ हजार सातसय ५५ रुपैयाँ बेरुजु रहेको उपमहानगरको गत आवमा ८७ हजार सातसय ९३ रुपैयाँ बेरुजु थियो । उपमहानगरले गत आवको तुलनामा चालु आवमा १६ हजार ४१ रुपैयाँ बेरुजु घटाएको हो । उपमहानगरले चालू आवको प्रथम त्रैमासिकमा नदीजन्य पदार्थ जफत गरी जरिवाना वापतको र कम ट्रयाक्टरबाट दुईलाख ७६ हजार र ट्रिपरबाट ९६ हजार रुपैयाँ संकलन गरेको कार्यालयले जानकारी दिएको छ ।

उपमहानगरपालिकाले चालु आवमा ठेक्का लागेकोबाट पशु हाटबजार सेवा शुल्क वापत सातलाख ३७ हजार ६९ रुपैयाँ, कवाडी कर संकलन शुल्कवापत एककरोड १६ लाख ३३ हजार रुपैयाँ, विज्ञापन कर संकलन शुल्क वापत ३५ लाख पाँचहजार, सवारी पूर्वाधार मर्मत सम्भार शुल्कवापत चारकरोड २८ लाख ८६ हजार सातसय ५० रुपैयाँ र सार्वजनिक शौचालय शुल्कवापत २४ लाख ७२ हजार एकसय तीनरुपैयाँ राजश्व संकलन गरेको कार्यालयले जानकारी दिएको छ ।



चन्द्रागिरी डाँडाबाट पाराग्लाइडिङले उडान भर्दै र पृष्ठभूमिका मकवानपुरको पर्यटकीय क्षेत्र चित्लाङ । नेपालकै पहिलो प्रशिक्षक पाइलट सानोबाबु सुनुवारको कम्पनी बाबु एड्भेन्चर्सले चन्द्रागिरीदेखि चित्लाङसम्म पाराग्लाइडिङ उडान सुरु गरेको छ । भालेश्वर मन्दिरबाट २० मिनेट पश्चिमतर्फको चन्द्रागिरी डाँडाबाट पाराग्लाइडिङ उडान सुरु हुनेछ । पाराग्लाइडिङ उडानका क्रममा भालेश्वर मन्दिरको 'एरियल भ्यु'का साथै काठमाडौं उपत्यकाको अधिकांश भूभागको अवलोकन गर्न सकिनेछ । रसुवा र धादिङका भूभाग समेत देखन पाइने उडानबाट मकवानपुरको टिस्टुङ, पालुङलगायत मानवनिर्मित इन्द्रसरोवर तालको समेत आकर्षक दृश्यावलोकन गर्न सकिन्छ । *तस्बिर: साझाकुरा ।*

# बागमती सरकारद्वारा संघीय सरकारविरुद्ध सर्वोच्चमा मुद्दा दायर



साझाकुरा संवाददाता

हेटौंडा, १२ कार्तिक/ बागमती प्रदेश सरकारले संघीय सरकारविरुद्ध मुद्दा दायर गरेको छ । यातायात व्यवस्थापन प्राधिकरण ऐन २०७९ पारित गरेपछि प्रदेश सरकारले सर्वोच्च अदालतमा मुद्दा दायर गरेको हो ।

प्रदेश सरकारको अधिकार कटौति हुने गरि ऐन नबनाउन अनुरोध गरेपनि संघीय सरकारले राजपत्र प्रकाशन गरेसँगै बागमती प्रदेश सरकारले गत २७ भदौमा संघीय सरकार विरुद्ध सर्वोच्च अदालतमा रिट दायर गर्ने निर्णय गरेको थियो । सोहि निर्णयअनुसार आज संघीय सरकारविरुद्ध रिट दायर गरिएको बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्सालले जानकारी दिए । संघीय संसदबाट शहरी क्षेत्र सार्वजनिक यातायात व्यवस्थापन प्राधिकरण ऐन २०७९ पारित गरी २०७९ असोज ९ गते राजपत्रमा प्रकाशित गरेपछि बागमती सरकार रुष्ट बनेको थियो ।

संविधानको अनुसूची ६ मा प्रदेशको एकल अधिकार सूचीमा सवारीसाधन कर, यातायात र प्रदेश लोकमार्ग उल्लेखित गरिए भएपनि संघीय सरकारले प्रदेशको अधिकार मिचेर सार्वजनिक यातायात प्राधिकरण ऐन पारित गरेपछि बागमती प्रदेश सरकारले आइतबार रिट दायर गरेको छ । सर्वोच्च अदालतमा रिट दाएर गरेपछि मन्त्री लम्सालले प्रदेशको अधिकार क्षेत्र मिच्ने गरि संघीय कानुन बनाई संघीयताको अतिक्रमण भएको विषयमा बागमती सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालयको ध्यानाकर्षण भएको र रिट दायर गरेको जनाएका छन । संविधानको भावना एवं अधिकारको अतिक्रमण रोक्न संघीयता परिपक्व बनाउन बागमती प्रदेश सरकारको निर्णय अनुसार श्रम, रोजगार तथा यातायात मन्त्रालयले रिट दायर गरेको उनको भनाई छ ।

# मकवानपुरमा गाँजा र अफिम खेती फडानी गर्न प्रहरी परिचालन



साझाकुरा संवाददाता

हेटौंडा, १२ कार्तिक/ मकवानपुरको कैलाश र राक्सिराङ गाउँपालिकामा लागूऔषध गाँजा र अफिम खेती फडानी गर्न प्रहरी परिचालन गरिएको छ ।

मकवानपुरमा गाँजाको विरुवा उम्रेर उत्पादनको तयारी हुने समयमा सयौं प्रहरी जिल्लाको गाँजा खेती हुने कैलाश, राक्सिराङ, भीमफेदीको उत्तरी क्षेत्र, थाहा नगरका भागमा परिचालन हुनेछन् । प्रहरीले वर्षेनी मकवानपुरको राक्सिराङ र कैलाश गाउँपालिकाका विभिन्न स्थानमा लागूऔषध गाँजा र अफि फडानी गर्दै आएको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले केही समयअघि मात्रै लागूऔषधको विकल्पमा कफि खेती प्रवर्द्धन गर्न कार्यक्रम सुरु गरेसँगै मकवानपुर प्रहरीले खेती गरिएको गाँजा र अफिम फडानीका लागि प्रहरी खटाएको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले गाँजा र अफिम नष्ट अभियान सुरु गरेसँगै मकवानपुर प्रहरीले आइतबार १ सय ३७ जना प्रहरी परिचालन गरेको जानकारी दिएको छ । आइतबार प्रहरी निरीक्षकको कमाण्डमा मकवानपुरको राक्सिराङ गाउँपालिका र कैलाश गाउँपालिकाको विभिन्न वडामा लागूऔषध फँडानी गर्न प्रहरी टोली खटाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । मकवानपुर प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीका अनुसार ५५ जना प्रहरी राक्सिराङ गाउँपालिकाको ५, ६, ७, ८ र ९ नम्बर वडाका विभिन्न स्थानमा लागूऔषध फडानीका लागि खटिएका हुन । प्रहरी निरीक्षकको कमाण्डमा ४० जना प्रहरी राक्सिराङको १, २, ३ र ४ नम्बर वडाका विभिन्न स्थानमा खटिएका छुन ।

यस्तै प्रहरी निरीक्षककै कमाण्डमा ४० जना प्रहरी कैलाश गाउँपालिकाको विभिन्न वडामा परिचालन गरिएको छ भने २ जना प्रहरी ड्रोनसहित खटाइएको भण्डारीले जानकारी दिए । जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांकमा समेत गाजाँ तथा अफिम खेती बढेको पाइन्छ । प्रहरीले गाँजा तथा अफिम खेती फडानी कार्यमा तीव्रता दिएको भएपनि जिल्लामा हुने खेती र तस्करीको क्रम भने हालसम्म रोकिएको छैन । मकवानपुरको राक्सिराङ र कैलाशमा उत्पादन हुने लागूऔषध गाँजा र अफिम भारत निकासी हुने गरेको पाइन्छ ।

आर्थिक वर्ष २०७८/०७९ मा मकवानपुर प्रहरीले ५ सय १९ जना प्रहरी परिचालन गरि १ सय ४४ विगहा ३ कट्ठा १६ धुरमा लगाइएको गाँजा फडानी तथा नष्ट गरेको थियो । यसवर्ष प्रहरीले १ सय ४४ विगाहा १४ कट्ठामा लगाएको अफिम खेती पनि नष्ट गरेको थियो । तर, आर्थिक वर्ष २०७९/०८० मा अघिल्लो आव भन्दा थप २ सय अर्थात १ सय ४६ विगहा १९ कट्ठा गाँजा फडानी भएको तथ्यांक छ । उक्त आवमा २ सय २४ विगाहा ३ कट्ठा क्षेत्रफलमा लगाईएको अफिम नष्ट गरेको छ । उक्त लागूऔषध नष्ट गर्न प्रहरीको ४ सय ९७ जना जनशक्ति परिचालन गरिएको थियो ।

# आजदेखि वडावडामा व्यवसाय दर्ता शिविर

साझाकुरा संवाददाता

हेटौंडा/ हेटौंडा उपमहानगरपालिकाले आज सोमबार देखि वडा वडामा क्रमश: व्यवसाय दर्ता घुम्ती परिचालन टोली खटाउने भएको छ ।

आज सोमबारदेखि १९ नम्बर वडाबाट परिचालन हुने टोली क्रमश: सबै वडाहरुमा जाने उपमहानगर राजश्व शाखा प्रमुख श्याम श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार उपमहानगर क्षेत्रभित्र व्यापार वा पेशा व्यवसाय संचालन गरिरहेकाहरुको लागि आ.व. २०८०/८१ को पौष मसान्तसम्म व्यवसाय दर्ता गर्न आएमा एकपटकको लागि विगत ३ वर्षको मात्र राजश्व तिरेर व्यवसाय दर्ता गर्न पाइन्छ, अन्यथा जरिवाना लाग्दछ ।

घुम्ती परिचालन टोली वडा नं ३, ४, ५, ६, ७, ८, ९, ११, १२, १३, १४, १५, १६, १७, १८ र १९ वडाहरुमा मिति २०८० कात्तिक १३ गतेदेखि पौष मसान्तसम्म सन्चालन गरिने भएको हो । कर संकलनको दायरालाई फराकिलो पार्न अभियान सुरु गरिएको उनले बताए ।

व्यवसायी, उद्यमी, संस्थागत विद्यालय, निजी कम्पनी, बिभिन्न आयमूलक काममा संलग्न फर्महरुलाई व्यवसाय दर्ता गर्न उपमहानगरले आव्हान् गरेको छ ।

## दुबै नाम, थर र जन्ममिति भएको व्यक्ति फरक-फरक नभई एकै भएको जानकारीसम्बन्धी

## सार्वजनिक सूचना

*सूचना प्रकाशित मिति: २०८०/७/१३ (30, October 2023)*

मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका वडा नं. ४ प्रतिभानगरचोक हुप्रचौर बस्ने भारतीय भू.पू. सैनिक नं. JC६१२२३३L रैंक SM हनेरी क्याप्टेन तुलबहादुर थापा युनिट ४/४ जी.आर. को सर्भिस डकुमेन्टमा श्रीमतीको नाम कलावती मगर्नी, जन्ममिति २०२१/१०/०८ लेखिएको र निज श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नाम लिलावती थापा मगर्नी र जन्ममिति २०२२/०३/०७ लेखिएको भएता पनि दुबै नाम, थर र जन्ममिति भएको व्यक्ति फरक-फरक नभई एकै व्यक्ति भएको व्यहोरा प्रमाणिकरणको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।



**नाम** : लिलावती थापा मगर्नी
**ना.प्र.प. नं.** : २०९१७/१८६,
**जारी मिति** : २०४५/११/०९, बागलुङ)
**जन्ममिति** : २०२२/०३/०७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बालविवाह नगरौं

विवाह गर्ने वा नगर्ने भन्ने प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानवअधिकारको दृष्टिकोणबाट आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनुपर्दछ । यसका लागि प्राय: सबै मुलुकहरूले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । नेपालको मुलुकी ऐनमा विवाहको लागि कानुनी उमेर २० वर्ष तोकिएको छ । नेपालको संवैधानिक इतिहासमा हालैमात्र जारी भएको नेपालको संविधानले बालविवाहलाई पहिलोपटक बालअधिकार हनन्को विषयको रूपमा उल्लेख गरी दण्डनीय अपराधको रूपमा स्वीकार गरेको छ । बालविवाह उच्च रहेको मुलुकहरूमध्ये नेपाल अग्रपंक्तिमा रहेको छ ।

दक्षिण एशियामा बंगलादेश र भारतपछि नेपाल तेस्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मकरूपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनबाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवम् साँस्कृतिक मान्यता, लैंगिक विभेद, गरिबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरू प्रमुख रूपमा देखिएका छन् । बालविवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट वञ्चितमात्र गराउँदैन आफ्नो भविष्यको छनौट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन् । विशेष गरी बालिका र महिलाको सन्दर्भमा बालविवाहले एउटामात्रै अधिकारको उल्लङ्घन नगरी उनीहरूको जीवनचक्रमा थुप्रै अधिकार उल्लङ्घनको श्रृङ्खला सिर्जना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ ।

बालबिवाहको कारण वैवाहिक जीवन दीगो नहुने, परिपक्व नभइ सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी विभिन्न समस्याहरू देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरूले बालिका र महिलाहरू थप पीडित हुन पुग्दछन् । कालान्तरमा समाज विकास प्रक्रियामा महिलाहरूको भूमिका र सहभागितालाई न्यून बनाइ सभ्य, सु-संस्कृत एवम् समतामूलक समाज निर्माण गर्न बालविवाह बाधक तत्व बन्न पुग्दछ । त्यसैले बालविवाह नगरौं र नगर्नका लागि सामाजिक चेतनावाहकको रुपमा सबैले सहयोग गर्नु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० कात्तिक १४ गते मंगलबार, ३१ अक्टोबर २०२३ । तृतीया, कात्तिक कृष्णपक्ष । कौलागा ११४३ ने.सं. । सूर्योदय ६:१४, सूर्यास्त ५:१९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक लाभ | तुला | : धर्मबाट सन्तोष |
| वृष | : विदेशबाट लाभ | वृश्चिक | : कार्यमा अवरोध |
| मिथुन | : आफन्तमा विवाद | धनु | : स्वजनबाट विरोध |
| कर्कट | : स्थानान्तरणको योग | मकर | : शैक्षिककार्यमा बाधा |
| सिंह | : सन्तान पक्षबाट नैराश्यता | कुम्भ | : सन्तान पक्षबाट सन्तोष |
| कन्या | : पराक्रम वृद्धि | मीन | : आफन्तमा विवाद |

# संविधानका यी धाराको संशोधन किन ?



केशव खतिवडा

नेपालको संविधान जारी भएको आठ वर्ष पूरा भयो । यस अवधिलाई संविधानसँगै संघीयताको कार्यान्वयन, लोकतन्त्रको लोकतान्त्रिकीकरण र सुदृढीकरण, जनताको जीवनस्तरमा आएको परिवर्तन, अन्तर्राष्ट्रिय जगत्मा मुलुकको छवि, परराष्ट्रनीति र सम्बन्ध, तीन तहको सरकारका बिचको अन्तर्सम्बन्ध र स्थायित्व, समाजवादउन्मुख अर्थव्यवस्थाको स्थिति, संघीयताको मर्म, भावना र स्वीकारोक्ति इत्यादि पक्षलाई मध्येनजरमा राखेर स्वतन्त्र ढंगले अध्ययन र मूल्याङ्कन गर्ने हो भने हामीले अपनाएको संघीयताको ढाँचा सापेक्षित रूपमा पूर्ण देखिँदैन ।

संविधानका केही धारालाई राष्ट्रिय बहसका माध्यमद्वारा राष्ट्रिय सहमति कायम गरेर संशोधन गर्नुपर्ने तथ्यमा आधारित टड्कारो आवश्यकता सर्वत्र महसुस हुन थालेको छ । अब राजनीतिक दलहरूबिच गठबन्धन र सत्ता भागबन्डाका आधारमा हुने सहमति राष्ट्रिय सहमति हुन सक्दैन । जाति, भाषा, धर्म, क्षेत्र, लिङ्ग, वर्ण, पेसा, सम्प्रदाय तथा प्रबुद्ध नागरिक समाज सहितको सहमति मात्र सार्थक राष्ट्रिय सहमति हुन सक्छ । जसले संघीयतालाई सापेक्षित रूपमा पूर्णता प्रदान गर्ने, जनसरोकारका विषय सम्बोधन हुने, सानो, चुस्त, मीतव्ययी र विज्ञतासहितको सरकार बन्ने, संघीयताप्रतिको सबैमा अपनत्वभाव हुने र मुलुक समृद्धिको दिशातर्फ उन्मुख हुनका लागि मौजुदा संविधानमा रहेका देहाय बमोजिमका धारा संशोधन गर्न आवश्यक देखिन्छ ।

संविधानको धारा १० को उपधारा (१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भन्ने प्रावधान उल्लेख गरिएको छ भने धारा ११ को उपधारा (३) मा उक्त धारासँग बाझिने गरी यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजका आधारमा नागरिकता प्राप्त गर्नेछ भन्ने प्रावधान रहेको छ । तर बाबुले जन्मको आधारको नागरिकता प्राप्त गरेको छ, आमाको मृत्यु भएको वा बेपत्ता भएका कारण नागरिकता प्राप्त गर्ने सम्भावना छैन भने त्यस्तो सन्तानले नागरिकता प्राप्त गर्ने प्रावधान छैन । बाबु नागरिक, नागरिकता नबन्दै आमाको मृत्यु भएको कारणले सन्तान अनागरिक रहने स्थिति विद्यमान रहेको हुनाले संविधानको यो उपधारालाई संशोधन गर्न आवश्यक छ ।

संविधानको धारा ५६ को उपधारा (४) स्थानीय तहअन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने व्यवस्था रहेको छ । धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिअन्तर्गत उपधारा (१) मा जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबिच समन्वय गर्न एक जिल्ला सभा रहने उल्लेख छ । जिल्ला सभाले जिल्ला समन्वय समितिको निर्वाचन गर्ने संवैधानिक प्रावधान अनुरूप गठन हुने जिल्ला समन्वय समिति काम, कर्तव्य र अधिकारविहीन रूपमा रहेको छ । जसले दलका नेतालाई मान-मर्यादा, सम्मान र सरकारी सुविधाका साथ व्यवस्थापन गर्न सजिलो भएको छ तर यो संस्था कामकाजी नभएको हुँदा आर्थिक बोझ तथा अनुत्पादक खर्च कटौती गर्नका लागि खारेज गर्न उपयुक्त देखिन्छ ।

धारा ५७ बमोजिम राज्यशक्तिको बाँडफाँड, संघ, प्रदेश र स्थानीय तहमा संविधानको अनुसूची ५, ६, ७, ८ र ९ बमोजिम गरिएको छ । त्यसमध्ये प्रदेशका अधिकारका सूचीहरू हेर्दा धेरै देखिने खोज्दा केही पनि नभेटिने किसिमका छन् । राज्यको पुनर्संरचना गर्दा संघीयताको मर्मअनुरूप पहिचान र सामर्थ्यताजस्ता विश्वव्यापी आधार र मान्यतालाई बेवास्ता गर्दै हचुवाका भरमा गरियो । परिणामस्वरूप प्रदेशप्रति न आम जनताको अपनत्व स्थापित भयो न त प्रदेश सरकारलाई अधिकार सम्पन्न बनाइयो । केवल दलका नेता व्यवस्थापन गर्ने र संघीयताको देखाउने दाँतजस्तो बनायो । यहाँसम्म कि स्थानीय तहको सम्पर्क मन्त्रालय समेत प्रदेश सरकारको कुनै मन्त्रालयलाई तोकिएन । अधिकार विहीनताका कारण सिंगो प्रदेश सरकारले एउटा गाउँपालिकाको बराबर पनि आन्तरिक स्रोत व्यवस्थापन र परिचालन गर्न सक्दैन । प्रदेश सरकार सरकारको अनुत्पादक खर्च बढाउने संस्था मात्र भएको साबित हुँदै गएको छ । त्यसकारण राज्यको पुन: पुनर्संरचना गरी प्रदेश सरकारलाई या खारेज गर्ने या कामकाजी बनाउनका लागि संविधानको यो धारा संशोधनको आवश्यकता महसुस हुँदै गएको छ ।

धारा ६० को राजस्व स्रोतको बाँडफाँडअन्तर्गत उपधारा (२) मा नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउनेछ र उपधारा (३) मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिणाम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ भन्ने प्रावधानले वित्तीय संघीयतामाथि संघीय सरकारले अंकुश लगाएको छ । यही प्रावधान अनुसार हाल संघले सिंगो बजेटको लगभग ६५ प्रतिशत बजेट संघमा राखेर करिब ३५ प्रतिशत बजेट प्रदेश र स्थानीय तहमा पठाउने गरेको छ । वित्तीय संघीयताको पूर्ण कार्यान्वयनका लागि यो धारा संशोधन गर्न आवश्यक छ ।

धारा ७४ को शासकीय स्वरूपको विद्यमान व्यवस्था अनुसार मुलुकले बारम्बार राजनीतिक अस्थिरताको सामना गर्नुपरेको छ । दलीय स्वार्थकेन्द्रित सरकार बनाउने, गिराउने, संसद् विघटन गर्ने, अस्वस्थ गठबन्धन गर्ने, सता भागबन्डा गर्नेजस्ता विकृतिको अन्त्य गर्न प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था गर्नका लागि र धारा ७६ मा व्यवस्था भएको मन्त्रिपरिषद् गठन गर्ने प्रावधान समेतलाई संशोधन गरी संसद बाहिरबाट विषयगत मन्त्रालयको विज्ञता, उच्च नैतिकता र कार्यक्षमता भएका व्यक्तिमध्येबाट राष्ट्रपतिले मन्त्री नियुक्ति गर्ने प्रावधान राख्न उपयुक्त हुन्छ । धारा ७६ को उपधारा (९) मा २५ जनासम्म रहेको मन्त्रिपरिषद् गठन गर्ने प्रावधान उपयुक्त छैन । जसले सरकारी अनुत्पादक खर्चमा अनावश्यक वृद्धि गरेको छ । जापान र अमेरिका जस्ता मुलुकमा १५-१५ सदस्यीय मन्त्रिमण्डल रहने व्यवस्था छ । मिल्दोजुल्दो कार्य प्रकृतिका मन्त्रालय मर्ज गरेर बढीमा १३ सदस्यीय मन्त्रिपरिषद् रहने व्यवस्था राख्न उपयुक्त हुन्छ । जसले सानो, छरितो, चुस्त, कार्यात्मक र मीतव्ययी सरकारको अवधारणालाई समेत सम्बोधन गर्दछ ।

धारा ८३ मा व्यवस्था रहेको राष्ट्रिय सभाको औचित्य पुष्टि भएको छैन । राष्ट्रियसभाको व्यवस्थाले सदनको प्रक्रियालाई एकातर्फ लम्बाएर झन्झटिलो बनाएको छ भने अर्कातर्फ अधिकार विहीन संस्था भएको हुँदा अनावश्यक खर्चको भार मुलुकले बोक्नुपरेको हुँदा राष्ट्रियसभालाई खारेज गर्न उपयुक्त हुन्छ ।

### निर्वाचन प्रणाली र सांसद संख्या

संसारका १९९ राष्ट्रमध्ये पहिलो निर्वाचित हुने प्रणाली अपनाउने ९१ वटा, पूर्ण समानुपातिक अपनाउने ७२ वटा, मिश्रित निर्वाचन प्रणाली अपनाउने ३० वटा र चीन र उत्तरकोरियाजस्ता अन्य प्रणाली अपनाउने ६ वटा मुलुक रहेका छन् । हामीले मिश्रित निर्वाचन प्रणाली अपनाएका छौं । पहिलो निर्वाचित हुने निर्वाचन प्रणालीले साम, दाम, दण्ड, भेदजस्ता अनगिन्ती विकृति भित्र्यायो । सिंगो निर्वाचन प्रणालीलाई नै अस्वस्थ बनायो । राजनीतिक संस्कृतिको अवसान गरायो । आसेपासे र डनहरूले टिकट पाउने, चुनाव जित्ने, तर योग्य मानिस रमिते बन्ने अवस्थाको सिर्जना गर्‍यो । यी तमाम विकृतिको अन्त्य गर्न संघ र प्रदेशमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली अपनाउने र अनावश्यक, बोझिलो र औचित्य पुष्टि नहुने संघ र प्रदेशको सांसद संख्या घटाउनुपर्छ ।

धारा १६८ को प्रदेश मन्त्रिपरिषद् गठनको उपधारा (९) मा व्यवस्था रहेको मुख्यमन्त्रीसहित प्रदेशसभाका कुल सदस्य संख्याको २० प्रतिशतसम्म सदस्य संख्या भएको प्रदेश मन्त्रिपरिषद् गठन गर्न सक्ने प्रावधान पछिल्लो समय राजनीतिक अस्थिरता, सत्ता गठबन्धन, अनुत्पादक खर्चमा वृद्धि, प्रदेशप्रतिको वितृष्णता फैलाउने प्रमुख कारण बनेको हुँदा यो प्रावधानलाई संशोधन गरी सुरुमा जस्तै सात सदस्यीय राख्न उपयुक्त हुन्छ । धारा १९७ मा व्यवस्था रहेको प्रदेश सरकारको व्यवस्थापकीय अधिकारको अनुसूची ६, ७ र ९ मा रहेको अधिकारका सूचीमा संशोधन गरी स्थानीय तहका अधिकारका सूचीलाई यथावत राख्दै संघीय सरकारसँग भएका केही अधिकार कटौती गरी प्रदेश सरकारलाई अधिकार सम्पन्न बनाउनुपर्छ ।

### सम्पर्क मन्त्रालय तोक्ने

हालको संवैधानिक व्यवस्था अनुसार स्थानीय तहले प्रदेश सरकारसँग सम्पर्क गर्न प्रदेश सरकारको कुन मन्त्रालयमार्फत गर्ने भन्ने प्रावधान संविधानमा छुटेको छ । धारा २२७ मा भएको प्रावधानमा कुनै न कुनै रूपमा स्थानीय तह प्रदेश सरकार मातहतमा रहने व्यवस्था गर्न आवश्यक देखिन्छ । अन्यथा संघको निर्देशनले मात्र स्थानीय तह व्यवस्थित हुन नसकेको उदाहरण संघले खटाएको प्रमुख प्रशासकीय अधिकृतलाई सम्बन्धित पालिकाले हाजिर नगराएर फिर्ता पठाएको घटना नै काफी छ । संविधानको भाग २७ मा व्यवस्था भएका महिला, दलित, समावेशी, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिमजस्ता अन्य आयोगको व्यवहारमा सार्थक आवश्यकताको पुष्टि हुन सकेको छैन । जसले ठुलो मात्रामा स्रोत र साधनको खपत भने गरिरहेको छ । अर्कातर्फ लैङ्गिक र जातीय आयोगको गठनसँगै समावेशी आयोगको गठन विरोधाभासपूर्ण रहेको छ । तसर्थ राष्ट्रिय समावेशी आयोगलाई अन्य आयोगका सबै काम, कर्तव्य र अधिकार सुम्पिएर अधिकार सम्पन्न र कामकाजी बनाउने र बाँकी आयोग खारेज गर्न उपयुक्त हुन्छ । *साभार:रातोपाटी*

# एनआरएनए नफुटाऊँ, २ वर्ष धैर्य गरौं

डा. हेमराज शर्मा

एनआरएनएको निर्वाचन हुनुभन्दा केही दिनअघि नेकपा माओवादीका नेता जनार्दन शर्माले विदेशस्थित आफ्ना कार्यकर्तालाई निर्देशन दिए, 'एनआरएनएको अध्यक्षमा राजेन्द्रकुमार शर्मा (आरके शर्मा) लाई जिताउन सम्पूर्ण पार्टीको तागत लगाएका छौँ, तपाईंहरूले पनि दायाँबायाँ नगरी धेरै समयपछि पाएको अवसर नगुमाउनुहोला। त्रिपक्षीय निर्वाचन भएकोले हामीले सबैतर्फबाट मत लिन सक्छौँ र जित्छौँ।'

सबै तिरको मत ल्याउन सक्छौँ भन्नुको आशय थियो, कांग्रेस समर्थकको पनि मत आरके शर्मालाई आउँछ।हुन पनि महेशकुमार श्रेष्ठ कांग्रेसको देखाउने उम्मेदवार बने। एनआरएनएभित्रको कांग्रेसको एउटा समूहले आरके शर्मासँग साँठगाँठ गरेको थियो। महासचिव, कोषाध्यक्षलगायतका अधिकांश पदहरूमा शर्मा र श्रेष्ठका साझा उम्मेदवार थिए।

एनआरएनएको निर्वाचनमा माथिल्लो पदका उम्मेदवारले १०-८ करोड रुपैयाँ खर्च गर्नु सामान्य मानिन्छ। आरके शर्माले यसको कम हुन नदिएको कुरा उनको चुनावी हाउभाउबाट अनुमान गर्न सकिन्थ्यो। पैसा, कांग्रेसको एउटा समूह र राज्यसत्ता लाग्दा पनि चुनाव हारिन्छ भन्ने कुरा माओवादी नेताहरूले सायदै सोचेका थिए। एनआरएनहरूले अनुमान गरेझैँ आरके शर्मा कांग्रेसनिकट रहेका महेशकुमार श्रेष्ठलाई उछिन्न त सफल भए तर डा बद्री केसीसँग भने झीनो मतले हारे। निर्वाचनको प्रारम्भिक नतिजा प्रकाशन गर्ने क्रममा देखिएको सानो प्राविधिक त्रुटिलाई देखाएर निर्वाचनको नतिजा नमान्ने घोषणा मात्र गरेनन्, सोल्टी होटेलको महाधिवेशन छाडेर हिमालयन होटेलमा पराजित उम्मेदवारहरूलाई समेटेर समानान्तर समितिको घोषणा गरे।

सुन्नमा आएअनुसार, समानान्तर समिति गठन गर्दा परराष्ट्रमन्त्री स्वयम् हिमालयन होटेलको एउटा कोठामा थिए। आफूलाई लोकतन्त्रको हिमायती ठान्ने कांग्रेसका परराष्ट्रमन्त्रीलाई निर्वाचनको परिणाम अस्वीकार गर्नु गलत हो भन्ने थाहा हुँदाहुँदै पनि प्रधानमन्त्रीको निर्देशन र आफ्ना कार्यकर्ताको दबाब टार्न नसकेर यस्तो कदम उठाएका हुन सक्ने उनीनिकटका कांग्रेसका नेताहरू बताउँछन्।

आरके शर्माको नेतृत्वमा समानान्तर समिति बनाउन उचाल्ने अर्का पात्र थिए, एनआरएनएका एक निवर्तमान अध्यक्ष। कांग्रेस पार्टीमा कुनै योगदान नगरेका यिनले सन् २०१९ मा भएको हायात होटेलको चुनावदेखि निरन्तर रूपमा कांग्रेसको नाममा एनआरएनएमा भाँडभैलो मच्चाउँदै आएका छन्। हायात होटेलको चुनावमा उनी अध्यक्ष पदमा पराजित भएर पनि नतिजा सहर्ष स्वीकारेनन्। धाँधली गरेर चुनाव हराएको भन्दै कांग्रेस नेताको कान फुके। २०२१ मा उनी निर्वाचन हार्ने निश्चित भएपछि तत्कालीन परराष्ट्रमन्त्री डा नारायण खड्कालाई उकासेर निर्वाचन हुनै दिएनन्। भागबन्डामा तीनमध्ये एक अध्यक्ष पदमा टीका थापेपछि मात्र उनी केही समय शान्त बने।

### एनआरएनए खारेज गरौं

२०१९ र २०२१ को निर्वाचनमा माओवादीले आफूलाई सहयोग गरेकाले त्यसको गुण तिर्नुपर्ने त छँदै थियो, अर्कोतिर पासपोर्ट काण्डको दबाब थियो। त्यसैले उनले यसपटकको निर्वाचनमा शर्मालाई सहयोग गर्ने निश्चित थियो। तर, कांग्रेसको माला जप्नैपर्ने बाध्यतामाझ उनले श्रेष्ठलाई सहयोग गरेको नाटक मञ्चन गरेर कांग्रेस र माओवादी दुवैतिर नजिक देखिने कोसिस गरे। उनी बस्ने क्षेत्र युरोप र उनका सहयोगी बस्ने अमेरिकाबाट शर्मा र श्रेष्ठले प्राप्त गरेको मतबाट नै उनले शर्मालाई सहयोग गरेको पुष्टि हुन्छ।

निर्वाचनको प्रारम्भिक नतिजा प्रकाशन गर्दा भएको प्राविधिक त्रुटिको समाधान गर्नु निवर्तमान अध्यक्षको हैसियतले पनि उनको कर्तव्य थियो। तर, उनले आफ्नो पदकोसम्म मर्यादा राख्न सकेनन्। आफैँ अध्यक्ष भएर गराएको चुनाव रद्द गर्न उद्धत देखिए। उनले महाधिवेशन प्रतिनिधिलाई उत्तेजित मात्र बनाएनन्, महाधिवेशनका नियमित प्रक्रिया (आर्थिक प्रतिवेदन, वार्षिक प्रतिवेदन आदि) लाई थाती राखेर एकाबिहानै प्रधानमन्त्री र परराष्ट्रमन्त्रीलाई भेटेर पराजित आरके शर्मालाई अध्यक्षमा घोषणा गर्न लबिइङ गरे। त्यसैदिन साँझ पराजितहरूलाई हिमालयन होटेलमा भेला पारेर विजेता घोषणा गर्न सरिक भए। निर्वाचन समितिलाई आधिकारिक रूपमा नतिजा घोषणा नगर्न र निर्वाचितलाई शपथ नगराउन दबाब दिए।दशैं बिदा परेकाले मन्त्रालय, अदालत सबै बन्द थिए। त्यहाँबाट केही गर्न सकिन्छ कि भनेर २ हप्ताको समय मागे। निर्वाचन समितिले आफ्नो प्रक्रिया नरोकेपछि सबैलाई अलपत्र पारेर नेपालबाट बाहिरिए, जसरी २०२१ मा शेष घलेलाई याक एण्ड यती होटेलमा छाडेर अध्यक्षको टीका थाप्न हिमालयन होटेलमा पुगेका थिए उनी। एमालेनजिक भनेर प्रचारमा ल्याइएका डा बद्री केसीले दलीय राजनीतिको आधारमा भन्दा पनि एनआरएनएलाई पैसा, पावर र पोलिटिक्सबाट मुक्त गराउनुपर्छ भन्ने धारणा राख्नेहरूलाई समेटेर टिम बनाएका थिए। उनी सबै क्षेत्र, पेसा र विचार राख्ने विशुद्ध चरित्र भएका मानिसहरू समेटेर चुनावको मैदानमा गएका थिए। एनआरएनएमा लामो समय योगदान गरेका, ग्रासरुटमा काम गरेका र प्राज्ञिक व्यक्तिहरूले उनलाई साथ दिए। २० वर्ष उनले संस्थामा गरेको योगदान, २०२१ को चुनाव हुन नदिएर उनीमाथि भएको अन्यायको विरुद्ध र उनको नेतृत्व गर्ने क्षमताको आधारमा उनलाई मतदान गर्नेहरू थुप्रै थिए । उनले प्राप्त गरेको मत अपेक्षा गरेभन्दा निकै कम थियो तर जितको लागि पर्याप्त थियो।

यसपटक अनलाइन प्रणालीबाट निर्वाचन गरिएकोले मतदाताले पैसा, पावर र पोलिटिक्सको भरमा चुनाव जित्न खोज्नेहरूलाई सबक सिकाएका थिए। ४२२५ प्रतिनिधिहरूमध्ये ७९१ (१९%) प्रतिनिधिहरूले सोल्टी होटेलस्थित मतदान केन्द्रमा उपस्थित भएर अनलाइनबाट मतदान गरेका थिए भने ३१६७ (७५%) ले नेपाल बाहिरबाट आ-आफ्नै निवासबाट मतदान गरेका थिए ।

डा बद्री केसीमाथि अनलाइन निर्वाचन गराउने अस्ट्रेलियास्थित भेरो कम्पनीसँग सेटिङ गरेर चुनाव जितेको आरोप लगाइएको छ। तर सत्य के हो भने अनलाइन निर्वाचन गराउने कम्पनी छान्नको लागि आरके शर्मा, महेश श्रेष्ठ, गौरी जोशी, डा केशव पौडेल र सुनील शाह रहेको एक समिति बनाइएको थियो । गौरी जोशीबाहेक सबै जना डा बद्री केसीइतरको टिमबाट चुनाव लडेका थिए। अनलाइन निर्वाचनको प्राविधिक पक्ष अनुगमन गर्न अध्यक्षका सबै उम्मेदवारले २-२ जना आईटी विशेषज्ञ पठाएका थिए। भेरो कम्पनीसँग निर्वाचन समितिका संयोजकबाहेक अरू कसैले पनि संवाद गर्न नपाइने सहमति भएको थियो । निर्वाचनका हरेक निर्णयहरू आपसी सहमतिमा गरिएका थिए । मतदाताले उत्साहका साथ भाग लिएका थिए । परिणाम आउने बेलासम्म कुनै विवाद थिएन ।

भेरो कम्पनी बारे झन् थप रोचक कुरा के छ भने यस कम्पनीले एनआरएनए अस्ट्रेलियामा चारवटा निर्वाचन र गत जुलाईमा अमेरिका, क्यानाडा, अस्ट्रेलिया, युके, जापान, कतारलगायत नौ राष्ट्रिय समन्वय परिषद् (एनसीसी) को निर्वाचन सम्पन्न गरेको थियो। जुलाईमा भएको निर्वाचनमा एक एनसीसीबाहेक बाँकीमा आरके शर्मा वा महेश श्रेष्ठनिकटका उम्मेदवारले चुनाव जितेका थिए।

विगत आठ वर्षमा भएका एनसीसी अष्ट्रेलियाका चार निर्वाचनमध्ये एक निर्वाचन पनि डा केसीको पक्षका निर्वाचित भएका थिएनन् । भेरोले गराएका यी सबै निर्वाचनमा आफ्नो पक्षले चुनाव जितेकोले यस कम्पनीको विश्वसनीयतामाथि कुनै प्रश्न गरिएन तर अहिले आफूले चुनाव हार्दा सेटिङको कुरा गरिँदै छ ।

भेरो कम्पनीले गरेको निर्वाचन परिणामका सम्बन्धमा अध्ययन गर्न विदेशी आईटी विशेषज्ञहरू रहेको एक समिति गठन गर्न डा केसीको नेतृत्वको निर्वाचित समिति सहमत भइसकेको र यस समितिमा प्रतिनिधि पठाउन अध्यक्षका उपविजेतालाई पत्राचार गरिसकेको छ । भौतिक निर्वाचनमा जस्तो मतपत्र चपाएर मत नष्ट गर्न वा अन्य तिक्डम गर्न अनलाइन मतदानमा सम्भव छैन । हरेक मतदाताले गरेको मत सुरक्षित रहन्छ, कुन मत कति बजे कुन लोकेसन र कुन आईपी एड्रेस भएको डिभाइसबाट प्राप्त भयो, त्यसको रेकर्डसमेत रहन्छ । कसैले रेकर्ड मेटाउन खोज्यो भने पनि त्यो सजिलै पत्ता लाग्छ।

यसर्थ, अनावश्यक बखेडातिर लाग्नुभन्दा सत्यतथ्य बाहिर ल्याई समझदारीतिर लाग्नु अहिको आवश्यकता हो, अनि हरेक मतदाताको मतको सही सम्मान पनि। सत्ताको आडमा एनआरएनएको कार्यालय अवैधरूपमा कब्जा गर्न खोज्ने, बैंक खाता बन्द गराउन धम्की दिने, प्रहरी लगाएर सचिवालयका कर्मचारीलाई अनावश्यक रूपमा दबाब सृजना गर्ने खालको गतिविधि सभ्य समाजको लागि स्वीकार्य छैन।

अर्को कुरा, एनआरएनएको निर्वाचनमा कसैको जित र हारलाई पार्टीहरूले आफ्नो प्रतिष्ठा बनाउने गरेका छन्, जुन भ्रम हो। किनभने ५०-६० लाख गैरआवासीय नेपालीहरू बाहिर बस्छन्। तीमध्ये एनआरएनएको चुनावको लागि भनेर मुस्किलले १ लाख सदस्य बन्छन् वा उम्मेदवार आफैले पैसा तिरेर सदस्य बनाउँछन् । १ लाख सदस्यहरूबाट छानिएका करिब ४ हजार २०० प्रतिनिधिले एनआरएनको चुनावमा भाग लिन्छन्।

एनआरएनको निर्वाचन पूर्णरूपमा पार्टीको आधारमा हुँदैन, यहाँभित्रको समीकरण आफ्नै खालको हुन्छ । पार्टीको विचारभन्दा आफ्नो रोजीरोटी, व्यावसायिक सम्बन्ध, पैसाको लोभ, जिल्ला, क्षेत्र आदिले निर्वाचनमा प्रभाव पार्छ। फेरि स्वदेशकै कार्यकर्ताले निर्देशन टेर्न छाडेको बेला विदेश बस्नेहरूलाई निर्देशनमा चलाउन खोज्नु पार्टीहरूलाई असम्भव छ।माओवादी केन्द्रलाई एनआरएनएजस्तो ग्लोबल संस्थामा आफ्नो उपस्थिति देखाएर एउटा राजनीतिक सन्देश दिन खोज्नु स्वाभाविक होला । आरके शर्माले जति मत प्राप्त गरे, माओवादीको लागि गौरवको कुरा हो । तर अब एनआरएनए फुटाएर शिर निहुराउने काम माओवादीले नगरोस् । *बाँकी पृष्ठ-३...*

# भ्वाइस अफ नेपालमा चारैजना कोचको 'ड्रीम टिम' तयार

काठमाडौं/टिभी रियालिटी शो 'द भ्वाइस अफ नेपाल'को ब्लाइण्ड अडिसन सकिएको छ । शनिबार ब्लाइण्ड अडिसनको अन्तिम एपिसोड प्रसारण भयो, जहाँबाट ६४ प्रतिस्पर्धी ब्याटल राउण्डमा प्रवेश गरेका छन् । योसँगै ब्याटल राउन्डको समीकरण पूरा भएको छ ।

चारैजना कोचको 'ड्रिम टिम' तयार भएसँगै भ्वाइसका आगामी चरण अझ रोचक हुने अनुमान छ । एक कोचको 'ड्रीम टिम'मा १६ जना समावेश छन् । ब्याटल राउण्डमा प्रत्येक टिमबाट दुई-दुई जनाले प्रतिस्पर्धा गर्नेछन् ।

ब्याटलमा एक टिममा आठ जना गरी ३६ जना छनोट हुनेछन् । चारै कोचले एक-एक ट्यालेन्ट स्टिलबाट प्राप्त गर्नेछन् । आगामी शुक्रबारदेखि ब्याटल राउण्ड सुरु हुनेछ । **यस्तो छ चार 'ड्रीम टिम' :**




**टिम मिलन नेवार**

विमला गुरुङ, विनोद राई, दिव्या थापा मगर,फ्याथम ब्याण्ड, कैलाश बिके, कञ्चन पुन मगर, कुरवान अलि मिया, लक्ष्मी नेपाली, नारायण गहतराज, पारस पुरी, रिसभ पन्थी, सञ्जय बराल, स्मिता प्रधान, सुसन बागदास, त्रिजा प्रधान र युकेश राई ।

**टिम उदय सोताङ**

आशिष रणपहेंली, अञ्जली विश्वास, विवेक बस्नेत, दिप्क्रित मगर, गीताञ्जली थापा, कुमार प्रयास, लक्ष्मी राना, ममता हिङमाङ, मीनबहादुर बिके, मुक्तिराज दाहाल, पार्वती राई, प्रज्वल कार्की, प्रशान्त सिवाकोटी, रोजिना बस्नेत, सुमी सुब्बा र सुस्मिता शर्मा ।

**टिम प्रमोद खरेल**

आशिष चन्द, अमित रसाइली, अमृत लिम्बू, अपेक्षा राई, दिग्जेल तामाङ, एलिया गुरुङ, गीता गुरुङ, कमलराज जोशी, मनिषा सुनार, मेघना ज्ञवाली, नोगेन हाङ्सुरुम्बा, सामना घतानी, समीर खरेल, सिद्धान्त परियार, शिवानी बिके र तेन्जिङ डोल्मा गुरुङ ।

**टिम राजेशपायल राई**

अर्जुन सुनार, आश्विन राई, विनय प्रजा, दीपक तामाङ, हेन्जन मक्कर बहादुर, मान्मा बी राई, मिलन बिके, मोनिका राई, प्रमिला बानियाँ, रिजन लोहनी, रोदा राई, सौगात राई, सोनम समाल, सुनिता सान्यक, टोपेन्द्र टिकार्थी र उषा गुरुङ ।

दशैंमा आर्थिक मन्दीको असर :

# देशैभर घट्यो खसी-बोकाको बिक्री



काठमाडौं/धादिङको नीलकण्ठ- ५ का पूर्णबहादुर श्रेष्ठ काठमाडौंको नागार्जुन नगरपालिका- १ मा मासु पसल चलाउँछन् । उनको धादिङ मिट सपले हरेक वर्ष दशैंमा निकै राम्रो व्यापार गर्थ्यो । यस वर्ष पनि दशैं नजिकिएसंगै पूर्णबहादुरले धादिङ र गोरखाबाट मासु बिक्रीका लागि २ दर्जन खसी-बोका खरिद गरेर ल्याए ।

फूलपातीको अघिल्लो दिन काठमाडौं आइपुगेका खसी-बोकाको मासु पुरै बिक्री होलान् भन्ने उनको आशा थियो । तर, दशैं सकियो उनले गाउँबाट ल्याएको खसी-बोका अझै दाम्लोमै छन् ।

यस पटक मानिसहरु दशैंमा मासुमा खर्च गर्न हच्किएको उनको अनुभव छ । 'यो वर्ष मान्छेहरुले मासु नै कम खाए । सिङ्गो खसी खानेले आधा मात्रै खाए । आधा खानेले केही किलो मात्रै खाए,' उनले अनुभव सुनाए, 'पैसा नै नभएका कारण ग्राहकले मासुमा कम खर्च गरे ।'

कैलालीका अमर राना दशैंका बेला सातजना साथीहरुसँग मिलेर दार्जुला र बैतडीबाट खसी-बोका तथा भेडा-च्याङ्ग्रुग्रा ल्याएर धनगढीलगायतका बजारमा बिक्री वितरण गर्थे । यसपटक पहिलेभन्दा थोरै खसीबोका ल्याएको तर त्यो पनि सबै बिक्री नभएर आफ्नो समूह यसपालि ठूलो घाटामा गएको राना बताउँछन् । गत वर्ष २५ सयको संख्यामा खसी-बोका, च्याङ्ग्रुग्रा र भेडा बिक्री गरेकामा यो वर्ष ६ सय गोटा पनि मुस्किलले बिक्री गरेको राना बताउँछन् ।

पहिलो लटमा बजार झार्न भनेर किनेर राखेका १५० गोटा खसी-बोका बिक्री नहुने भएपछि पहाडबाट अझै नझारेको उनले बताए । ती खसी-बोका, च्याङ्ग्रा र भेडा तिहारका लागि धनगढी झार्ने तयारी गरेको अमर बताउँछन् ।

काठमाडौं र धनगढीमा मात्रै होइन, देशभर नै गाउँदेखि सहरसम्म यस पटक उपभोक्ताले मासुको खपत घटाएको व्यवसायीहरु बताउँछन् । कतिपय किसानहरुले घरबाटै खसी बिक्री गर्न पाएनन भने बिक्री गरे खसी-बोका, च्याङ्ग्रा र भेंडा पनि बजारमा खपत नभएको व्यापारीको भनाइ छ ।

खसीको मासु बिक्रीमा परिचित नयाँ बानेश्वरको आइकालु मिट सपमा पनि यस पटक ग्राहकले मासु बाहेकका अन्य उत्पादनको किनमेल नगरेको लेखा प्रमुख गोपाल पाण्डे बताउँछन् । 'पहिले पहिले मासु किन्न आउँदा ससेज लगायतका अतिरिक्त मासुजन्य वस्तु खरिद गर्थे,' पाण्डे भन्छन्, 'यस पटक मासु राम्रो बिक्री भयो तर उपभोक्ताले अन्य उत्पादन खरिद गरेनन् ।' फ्रोजन मासु तथा मासुजन्य अन्य सामग्रीको बिक्री घटेको उनले सुनाए ।

काठमाडौंमा मात्रै दशैंमा ६० हजार खसी-बोका बिक्री हुने गरेकोमा यस वर्ष करिब आधा मात्रै खपत भएको अनुमान रहेको नेपाल राष्ट्रिय मासु व्यवसायी संघ अध्यक्ष रमेश खड्गी बताउँछन्

**सरकारकै खसी पनि बिकेनन्**

दशैंमा उपभोक्तालाई सहुलियत दिन भन्दै सरकारी स्वमित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले यस वर्ष २२ सय १३ वटा खसी-बोका र च्याङ्ग्रा खरिद गरेको थियो । तर, दशैंमा ती सबै खसी-बोका, च्याङ्ग्रा बिक्री भएनन् । कम्पनीका अनुसार बागमती प्रदेश कार्यालय थापाथलीमा २७० गोटा च्याङ्ग्रा र ३० खसी बिक्री नभएर बसेका छन् । खसी-बोका र च्याङ्ग्राको मूल्य ३ पटक मूल्य घटाउँदा पनि बिक्री नभएको कम्पनीले जनाएको छ ।

कुल १६ सय ५९ वटा खसी-बोका र ५५४ गोटा च्याङ्ग्रा खरिद गरेकामा ३ सय गोटा नबिकेको कम्पनीकी सूचना अधिकारी शर्मिला न्यौपानेले बताइन् । बजार मूल्यमा प्रतिस्पर्धी नभएर हो कि भनेर मूल्य घटाइए पनि अझै बिक्री नभएको कम्पनीले जनाएको छ ।

कम्पनीले पहिलोपटक जिउँदो खसी-बोकाको प्रतिकिलो मूल्य ६८० र च्याङ्ग्रुग्राको १२६० रुपैयाँ तोकेको थियो । तर, त्यतिमा बिक्न गाह्रो भएपछि दुवैमा प्रतिकिलो १० रुपैयाँ छुट दिइएको न्यौपानेले बताइन । यस्तै, दोस्रोपटक खसी-बोकाको ६६० र च्याङ्ग्राको १२३५ र तेस्रो पटक घटाएर खसी-बोकाको ६०० र च्याङ्ग्राको ११६० रुपैयाँ प्रतिकिलो कायम गरिएको कम्पनीले जनाएको छ । तर, यति मूल्यमा पनि पूरै खसीबोका बिक्री नभएको उनले बताइन् ।

**दशैंमा देशभर यस्तै भयो संघ**

संघका अनुसार यो वर्षको दशैंमा देशैभर मासुको बिक्रीमा ह्रास आएको छ । उपभोक्ताले खुलेर चाडपर्वमा खर्च गर्न नसकेका कारण गाउँबाट ल्याएको खसी-बोका गाउमै फर्काउनु पर्ने अवस्था आएको संघका अध्यक्ष रमेश खड्गीले बताए । काठमाडौंमा मात्रै ६० हजार खसी-बोका दशैंमा बिक्री हुनेमा यस वर्ष करिब आधा मात्रै खपत भएको अनुमान रहेको अध्यक्ष खड्गी बताउँछन् ।

'मासु खाने मानिसहरु विदेश गए । भएकासँग पैसा भएन,' अध्यक्ष खड्गी भन्छन्, 'यो वर्ष हामीले नसोचेको अवस्था मासु व्यापारमा आएको छ । खसी फिर्ता लगेको तपाईले देख्न पाउनुहुन्छ ।'

यो साल सबै प्रकारका मासुको बिक्री घटेको संघका उपाध्यक्ष उमेश खड्गीले बताए । मानिसहरुलाई आर्थिक रुपमा समस्या भएका कारण खर्च गर्नमा हच्केको हुन सक्ने उनको अनुमान छ । काठमाडौंमा करिब ३ वर्षदेखि खसीको मासुको मूल्य १३ सय रुपैयाँ हाराहारी रहेको संघको भनाई छ । मूल्य नबढे पनि बजारमा ठूलो मात्रामा खपतमा ह्रास आउनुको कारणबारे विस्तृत तथ्यांक संकलनकै क्रममा रहेको संघको भनाइ छ ।

खसी, बोका र च्याङ्ग्रा सहित कुखुराको मासु समेत बिक्री बजारको आकार भन्दा आधाले घटेको संघको दाबी छ । तर, सरकारसँग यसबारे यथेष्ट तथ्यांक नभएका कारण यसको स्वतन्त्र पुष्टि भने हुन सकेको छैन ।

सरकारले २०७६ सालदेखि भारत लगायतका मुलुकबाट खसी बोका आयातमा प्रतिबन्ध लगाएको छ । गत महिना सार्वजनिक भएको राष्ट्रिय कृषि गणनाको तथ्यांक अनुसार नेपालमा पछिल्लो एक दशकमा खसी र बोकाको संख्यामा डेढ गुणाले वृद्धि भएको छ । २०६८ सालमा एक करोड ९ लाख ९० हजारको संख्यामा रहेको खसी बोकाको संख्या २०७८ मा आइपुग्दा एक करोड ४२ लाख ४२ हजार पुगेको छ । (स्रोत: अनलाइनखबर)

टी-२० विश्वकप छनौट

# एक रनको एक हजार, छक्काको २० हजार नगद दिने घोषणा



काठमाडौं/ अर्ना वियरले टी-२० विश्वकपको एसिया छनौटमा नेपाली खेलाडीका लागि नगद पुरस्कार घोषणा गरेको छ ।

कम्पनीले टी-२० विश्वकप छनोटमा नेपालका खेलाडीले बनाउने प्रत्येक रनको १ हजार, चौकाको थप १० हजार, छक्काको थप २० हजार रुपैयाँ दिने घोषणा गरेको हो ।

त्यस्तै बलिङतर्फ एउटा डट बल बराबर १ हजार, मेडन ओभरको १० हजार र हरेक विकेटमा २५ हजार रुपैयाँ दिने घोषणा गरेको छ । अर्ना बियरले गत भदौमा भएको एसिया कप क्रिकेटमा चौका, छक्का र विकेट लिने खेलाडीलाई पुरस्कार टी-२० विश्वकपको एसिया छनोट सोमबारदेखि काठमाडौंमा सुरु हुँदै छ । नेपालले पहिलो खेल सोमबार बिहान ९ बजे त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा सिंगापुरविरुद्ध खेल्ने छ ।

# तुरुन्तै रगत चाहिए कसरी व्यवस्थापन गर्ने ?

काठमाडौं/चाडबाडका बेला लामो समयसम्म अस्पतालको बहिरंग सेवा (ओपीडी) बन्द हुन्छन् । अस्पताल बन्द भएको बेला तुरुन्तै रगत आवश्यक परेमा के गर्ने ? भन्ने धेरैलाई चिन्ता हुन्छ । सुत्केरी हुँदा, सवारी दुर्घटना, शरीरमा रगतको मात्रा कम हुँदा, ब्लड क्यान्सरजस्ता अवस्थामा तुरुन्त रगतको आवश्यक पर्न सक्छ ।

आकस्मिक रगत आवश्यक परेमा कसरी व्यवस्थापन गर्ने ? कहाँ फोन गर्ने ? यिनै विषयमा केन्द्रित रहेर नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसञ्चार सेवाका निर्देशक पवन गुप्तासँग गरिएको कुराकानी :

**तुरुन्त रगत चाहिए के गर्ने ?**

कुनै कारणवश कसैलाई तुरुन्त रगत चाहियो भने रेडक्रस सोसाइटी केन्द्रीय रक्तसञ्चार सेवालाई सम्पर्क गर्न सकिन्छ । ३६५ दिन ४२ घण्टा यो खुल्ला रहन्छ । रगतको लागि केन्द्रीय रक्तसञ्चार सेवाको टेलिफोन नम्बर ०१-५३८८४८६ नम्बरमा फोन गर्न सकिन्छ । यदि फोन गर्दा केही कारणवश उठेन भने केन्द्रीय रक्तसञ्चारको कार्यालय सोल्टी मोडमा आएर पनि रगत लिएर जान सकिन्छ ।

**तुरुन्त चाहिएको बेला ब्लड बैंकसँग पनि रगतको अभाव छ भने के गर्ने ?**

कसैलाई तत्काल रगत चाहियो र केन्द्रीय रक्तसञ्चार सेवामा रगतको अभाव छ भने त्यति बेला रगत आवश्यक परेको व्यक्तिको आफन्तसँग मिलेर डोनर खोजेर भए पनि रगतको व्यवस्थापन गर्न पीएआर अफिसरको व्यवस्था संस्थाले गर्छ ।

**दशैंजस्तो चाडबाडको बेलामा डोनरहरू कम हुन्छन् यस्तो बेला रगत अभाव हुन्छ कि ?**

यो बेलालाई रगत अभाव नहोस् भनेर फूलपाती र अष्टमीको दिन पनि रगत संकलनको व्यवस्था गरिएको छ । प्लेटलेटको आयु जम्मा तीन दिनको हुन्छ । त्यस्तो प्लेटलेटको अभाव हुन सक्छ । तर इमरजेन्सी केसमा बढी रिजर्भ रगत चाहिन्छ । रिजर्भ रगत पाउन भने खासै समस्या हुँदैन ।

**काठमाडौंमा केन्द्रीय रक्तसञ्चार सेवाबाट सेवा लिन सजिलो होला अन्य जिल्लाको हकमा के छ ?**

काठमाडौंको लागि केन्द्रीय रक्तसञ्चार सेवा भएजस्तै ७५ वटा जिल्लामा नेपाल रेडक्रस सोसाइटीका ब्लड बैंकहरू उपलब्ध छन् । काठमाडौंबाहिर कतै तत्काल रगत चाहियो भने जिल्ला रक्तसञ्चार सेवाबाट प्राप्त गर्न सकिन्छ ।

रगतको विकल्प अहिलेसम्म विज्ञानले पनि निकाल्न सकेको छैन । त्यसैले कहीं कसैलाई तत्काल रगत चाहियो भने रगतको अभावमा ज्यान गुमाउनु नपरोस् । त्यसको लागि हरेक व्यक्तिले त्यसको लागि सहजीकरण गर्नुपर्छ ।

*(स्रोत: अनलाइनखबर)*

# एनआरएनए नफुटाऊँ...

२०२१ मा पनि अर्थमन्त्रीको हैसियतले जनार्दन शर्मा उपस्थित भएको शेष घलेले आयोजना गरेको महाधिवेशनले माओवादी समर्थक विनोद कुँवरलाई अध्यक्ष बनाएको थियो। अहिले पनि आरके शर्माको स्वघोषित टिमलाई प्रधानमन्त्री निवासमा स्वागत गर्ने तर निर्वाचित समितिलाई भेट नदिने काम प्रधानमन्त्रीबाट हुनुले नेकपा माओवादीले एनआरएनए फुटाउन खोजेको स्पष्ट संकेत गएको छ।

विगतमा शेष घलेलाई मिलाउन प्रधानमन्त्रीले दिएको दबाबलाई गैरआवासीय नेपालीहरूले सकारात्मक रूपमा लिएका थिए। तर अहिले सबैको साझा बन्नुको साटो प्रधानमन्त्रीले कब्जावालालाई साथ दिनु अस्वीकार्य छ। अहिलेको निर्वाचन नतिजाबाट कांग्रेस निराश हुनुपर्ने छैन। निर्वाचित भएका २६ जना सचिवालयका पदाधिकारी मध्ये ६ जना उपाध्यक्ष, महासचिवलगायत महत्वपूर्ण पदमा १६ जना (६२%) कांग्रेसनजिकका उम्मेदवार निर्वाचित भएका छन् भने करिब ५ जना (१९%) मात्र एमाले समर्थक छन्।

बाँकी १९% स्वतन्त्र व्यक्तिहरू छन्। २०२५ को निर्वाचनमा वामपन्थी विचार राख्ने अध्यक्षको उम्मेदवार तयार भइसकेको स्थिति छैन। अत: एनआरएनए फुटाउनतिर लाग्नुभन्दा २ वर्ष धैर्य गर्दा कांग्रेसको हितमा छ। नेकपा एमालेले अहिलेको निर्वाचन परिणामलाई आफ्नो पार्टीको जितको रूपमा लिनुहुँदैन।

माथि भनेभैँ यो निर्वाचन दलगत थिएन, एनआरएनएमा रूपान्तरण चाहने र नचाहने बीचको निर्वाचन थियो। डा केसीले रूपान्तरणको पक्षमा रहेकालाई एक ठाउँमा उभ्याउन सफल भएका मात्र हुन्। एनआरएनए कब्जा गर्न राजनीतिक दलहरू तल्लीन हुनु स्वाभाविक रूपमा लिन सकिन्छ। तर एनआरएनए फुटाएर, करोडौं खर्च गरेर, आम गैरआवासीय नेपालीको घृणाको पात्र भईभई अवैधानिक रुपमा एनआरएनको नेतृत्व लिन किन लालायित छन् केही व्यक्तिहरु ?

यी लगायत यहाँनिर कैयन प्रश्नहरू खडा भएका छन्।के एनआरएनएको आवरणमा राज्यसत्ताको पहुँचमा पुग्न र आफ्ना व्यापार व्यवसाय फस्टाउन त यसो गरिएको होइन ? नेताहरूले अवैधरुपमा नेपालमा कमाएको धनलाई विदेशमा लगानी देखाएर वैध बनाउने नियत त होइन ? के स्वार्थका काणले दलहरूसँग डराउँछन् ? होइन भने एउटा सामाजिक संस्थाको त्यो पनि गैरनाफामूलक संस्थामा नेतृत्व लिन पावर, पैसा र राज्यसत्ता लाग्नुलाई कसरी बुझने आम जनताले?

अन्त्यमा, विदेशमा बस्ने नेपालीहरू यसै पनि अहिलेका प्रमुख दलहरूप्रति असन्तुष्ट भएको कुरा गत स्थानीय र संसदीय चुनावको परिणामले देखाएको छ। एनआरएनएको निर्वाचनको परिणामलाई अस्वीकार गरेर कलङ्कको टीका लगाई थोरै बचेको साख मेटाउने काम नहोस्। कमसेकम नेपाली कांग्रेसजस्तो लोकतन्त्रमा विश्वास गर्ने दल र यसका परराष्ट्रमन्त्री, जसले विद्यार्थी आन्दोलनको नेतृत्व गर्दै लोकतन्त्र स्थापना गर्न आफ्नो ज्यानको पर्वाह गरेनन्, उनले निर्वाचन परिणामलाई अस्वीकार गर्नेतिर सोच्नै हुँदैन्।

२०३७ सालको धाँधलीपूर्ण चुनावको परिणामसमेत स्वीकार गर्ने बीपी कोइरालाका अनुयायीले प्रख्यात विदेशी कम्पनीको आधुनिक प्रविधिमार्फत् गराएको निर्वाचन परिणामलाई अस्वीकार गर्नु क्षम्य हुँदैन।

स्मरण रहोस्, पार्टीका भ्रातृ संगठनको जस्तो एनआरएनएको निर्वाचन पक्कै होइन, एउटा आदेशले सदर बदर हुने। यस निर्वाचनमा संघका एक लाख सदस्यहरूको प्रत्यक्ष र लाखौं गैर आवासीय नेपालीहरूको भावना जोडिएको छ। त्यसैले बद्नाम, बहुलठ्ठी कार्यकर्ता र दलको नाममा आफ्नो स्वार्थको पछि लागेका मानिसहरूको कुरा सुनेर डायस्पोरका नेपालीको चित्त नदुखाउनुहोस्।

प्रधानमन्त्रीज्यूले पनि एनआरएनएमा प्रचण्डपथ लाद्ने कोसिस नगर्नूस्। कांग्रेसका स्वार्थी कार्यकर्ताको काँधमा बन्दुक राखेर गोली पड्काउँदा कांग्रेस किनाराको साक्षी नबनोस्।(गैरआवासीय नेपाली संघका उपाध्यक्ष डा. शर्मा बेलायतको लिभर पुलविश्वविद्यालयअन्तर्गत भौतिकशास्त्र विभागमा प्रध्यापन गर्छन् ।

*साभार: नेपाल खबर*

# दशैंमा बैंकिङ प्रणालीबाट बाहिरियो ७६ अर्ब

काठमाडौं/दशैंका लागि बैंकिङ प्रणालीबाट करिब ७६ अर्ब रुपैयाँ बाहिरिएको छ । दशैं अगाडि १६ असोजमा करिब ६ खर्ब २० अर्ब रहेको नगद सर्कुलेसन दशैं सकिँदा ६ खर्ब ९६ अर्बसम्म पुगेको नेपाल राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्टले बताए ।

साना र ठूला दरका नोट कति सटही भए भन्ने एकिन तथ्यांक नभएपनि दशैंमा ७६ अर्ब रुपैयाँ नगद सर्कुलेसन बढेको उनले बताए । 'दशैंमा बैंकिङ प्रणालीबाट बाहिरिएको नगद प्रणालीमा फर्किन केही समय लाग्छ,' उनले भने ।

नेपाल राष्ट्र बैंकले दशैंलाई लक्षित गर्दै हरेक वर्ष नयाँ नोट सटहीको व्यवस्था गर्छ । यस वर्ष पनि साना दरका ५, १०, २०, ५० र १०० रुपैयाँ दरका नयाँ नोट सटहीको व्यवस्था गरेको थियो । साथै दशैंमा दक्षिणा र चाडपर्वका लागि गाउँ जानेले ठूलो रकम लिएर जाने भएकोले दशैं तिहारमा हरेक वर्ष बैंकिङ प्रणालीबाट ठूलो रकम बाहिरिने गरेको छ ।

दशैं सकिए पनि तिहार र छठ पर्व आउँदै भएकाले उक्त रकम बैंकिङ प्रणालीमा फर्किन मंसिर सम्म लाग्नसक्ने उनले बताए । अहिले बढेको नगद सर्कुलेसन पूर्ण रुपमा बैंकिङ प्रणालीमा आउन केही समय लाग्ने भएपनि ठूलो हिस्सा भने २ महिनामा फर्किने गरेको उनले बताए ।

यद्यपि, बैंकहरुले बचतमा राम्रो ब्याज दिएकाले नगद होल्ड गर्ने भन्दा पनि आफूसँग भएको पैसा बैंकमा नै राख्न प्रोत्साहन गर्ने अवस्था रहेको उनले बताए ।

# 'दिमाग खराब'ले नेपाली खेलाडीलाई पुरस्कार र क्यानलाई नाफाको ५ प्रतिशत दिने



काठमाडौं/'आईसीसी टी-२० मेन्स विश्वकप २०२४'को एसिया क्वालिफायर कात्तिक १३ गतेदेखि काठमाडौंमा सुरु हुँदैछ । यसका लागि नेपाली खेलाडीको हौसला बढाउन विभिन्न संस्था तथा व्यक्तिले पुरस्कार राशीको घोषणा गरिरहेका छन् । यसबीच, तिहारको छेको पारेर यही कात्तिक २४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'दिमाग खराब'का निर्माताले पनि पुरस्कार राशीको घोषणा गरेका छन् ।

'टी-२०'मा 'दिमाग खराब म्यान अफ दी म्याच' बन्ने खेलाडीलाई ५० हजार र आफ्नो खेल कौशलले टिमलाई महत्त्वपूर्ण सहयोग गर्ने खेलाडीलाई 'दिमाग खराब सेग्मेन्ट अफ दी डे' अन्तर्गत १० हजार प्रदान गरिने निर्माता रौनक बिक्रम कडेलले जानकारी दिए । यो पुरस्कार नेपाली खेलाडीले मात्र पाउनेछन् । यसको छनोट गर्ने सम्पूर्ण अधिकार भने नेपाल क्रिकेट सै (क्यान)लाई दिइएको छ ।

त्यस्तै, फिल्मको कूल मुनाफाको ५ प्रतिशत (नेट) क्यानको विकासका लागि समेत प्रदान गरिने भएको छ । यसविषयमा आइतबार निर्माता कँडेल र क्यानका पदाधिकारी बीच सहमति भएको छ । नेपाली खेलाडीलाई हौसला र क्रिकेटको विकासका लागि आफूले यो कदम उठाएको कँडेलले बताए । नेपाली फिल्मले इतिहासमा नै पहिलोपटक अन्तर्राष्ट्रिय खेलमा क्यानसँग सहकार्य गरेको हो । क्रिकेटका सौखिक रौनकले भने- 'अहिले देशलाई चिनाउने काम क्रिकेटले गरिरहेको छ । नेपाली खेलाडीहरुले निकै राम्रो प्रदर्शन गरिहेका छन् । यो बेला सबैको साथ, सहयोग र हौसलाको खाँचो छ । यसैले फिल्मको तर्फबाट यो घोषणा गरेका हौं ।' क्यानसँग मिलेर फिल्मको टिमले 'कात्तिक २४ गते दिमाग खराब हेरौं, नेपाली क्रिकेट टिमलाई सहयोग गरौं' भन्ने स्लोगन पनि बनाएको छ ।

निश्चल बस्नेतको निर्देशन रहेको यो फिल्ममा खगेन्द्र लामिछाने, स्वस्तिमा खड्का, दयाहाङ राई, अपर्ण थापा, विजय बराल, पुष्कर गुरुङ, माओत्से गुरुङ, सुमन कार्की, रमा थपलिया, राजन खतिवडा, गौरभी राज्यलक्ष्मी सिंह, गीत अधिकारी, कृष्णभक्त महर्जन, धीरज भट्ट आदिको अभिनय छ । सुरज बम ठकुरी कार्यकारी निर्माता रहेको फिल्ममा निर्देशक बस्नेतको पनि विशेष भूमिका छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# चौथो थाहा महोत्सवको तयारी तीव्र, सचिवालय स्थापना




साझाकुरा संवाददाता

हेटौंडा, १२ कार्तिक/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिमा हुन लागेको चौथो थाहा महोत्सवको तयारी तीव्र पारिएको छ ।

मकवानपुरको प्रमुख पर्यटकीय नगरी थाहा नगरमा ५ वर्षपछि आगामी १४ मंसिरदेखि २५ मंसिरसम्म चौथो थाहा महोत्सव हुँदैछ । यसअघि कोरोना महामारीका कारण मेला सञ्चालन हुन सकेको थिएन् । थाहा नगर उद्योग वाणिज्य संघले आयोजना गर्न लागेको थाहा महोत्सवको तयारीअनुरुप आइतबार सचिवालय स्थापना गरिएको छ । शिखरकोटस्थि संघको कार्यालयमा महोत्सव सञ्चालनका लागि सचिवालय स्थापना गरेर काम अगाडि बढाइएको संघका महासचिव जर्म श्रेष्ठले जानकारी दिए ।

सचिवालय स्थापना कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष चुनकुमार श्रेष्ठसहित १५ जनाको टोली, थाहा नगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकाल, उपाध्यक्ष सुरेन्द्रमान प्रधान, महासचिव जर्म श्रेष्ठ, कोषाध्यक्ष प्रदीप प्रधान, सदस्यहरु इश्वर कार्की र हरेराम कार्कीको उपस्थिति थियो । उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष श्रेष्ठले थाहा नगरको उद्योग, व्यापारलाई अगाडि बढाउन दुवै संस्थाले सहकार्य गरेर जाने बताए । थाहा नगरमा लगानी भित्र्याउन चितवनले सहयोग गर्ने अध्यक्ष श्रेष्ठले प्रतिबद्धता जनाए ।

संघले अब आयोजक मूल समारोह समिति र विभिन्न उपसमिति संयोजक चयन गर्ने तयारी गरेको छ । महोत्सव इन्द्रायणीचौरमा हुनेछ । थाहा महोत्सवमा स्टल बुकिङ खुला गरिएको महासचिव श्रेष्ठले जानकारी दिए । करिव २०० स्टल रहने अनुमान गरिएको महोत्सवमा स्टल बुकिङ गर्दा ५० प्रतिशत रकम अग्रिम भुक्तान गर्नुपर्ने थाहानगर उद्योग वाणिज्य संघले जनाएको छ । संघद्वारा जारी सूचना अनुसार पशुपालन, डेरी, कृषि सामग्री तथा औजार, घरेलु हस्तकला, हर्वल तथा जडिबुटीका लागि १४ हजार शुल्क तोकिएको छ ।

त्यसैगरी कस्मेटिक, घडी, चश्मा, ब्लाङ्केट, व्याग, पर्स, बेल्ट, ट्याटु, मोबाइल कभर, जुत्ता, चप्पल, बैंक, वित्तीय संस्था, गैरसरकारी संस्था, भाँडा, फेन्सी तथारेडिमेड सामानहरुका लागि २५ हजार शुल्क तोकिएको महासचिव श्रेष्ठले जानकारी दिए । बहुर्राष्ट्रिय उद्योग र होटल तथा रेष्टुरेन्टका लागि ५० हजार शुल्क तोकिएको छ । स्टलमा प्रदर्शकले स्टलको अतिरिक्त २ थान कुर्सी, १ थान टेबल तथा विद्युतीय सुविधा पाउने आयोजकले जनाएको छ । महोत्सवको मुख्य आयोजक थाहानगर उद्योग वाणिज्य संघ र आयोजक थाहा नगरपालिका रहेको छ । मंसिर भन्दा पछाडि मेला महोत्सव गर्न थाहा नगरमा चिसो बढी हुने भएकोले दसैतिहार सकिएलगत्तै आयोजना गरिएको जनाइएको छ ।

# थाहामा जेसीज कोषाध्यक्षहरुको 'फेलोसिप मिट' हुँदै




साझाकुरा संवाददाता

हेटौंडा, १२ कार्तिक/ पालुङ जेसीजले नेपाल जेसीज अन्तरगतका शाखा कोषध्यक्षहरुको फेलोसिप मिट आयोजनाको तयारी गरेको छ ।

आगामी कात्तिक १७ र १८ गते थाहा नगरपालिका वडा नम्बर २ फाँटबजार स्थित 'डाँडाँघरे बाको होमस्टे' मा फेलोसिप मिट हुने पालुङ जेसीजका कोषाध्यक्ष माधव कार्कीले बताए । कार्यक्रमको मकवानपुर जिल्लामा रहेका ८ वटा शाखाको सहआयोजना रहनेछ । मकवानपुरमा पालुङ जेसीजको साथै, हेटौंडा जेसीज, हेटौंडा लेडी जेसीज, बसामाडी जेसीज, बस्तीपुर जेसीज, बकैया जेसीज, मकवानपुरगढी जेसीज, चैनपुर जेसीज क्रियाशील छन् । कार्कीका अनुसार फेलोसिप मिटमा नेपाल जेसीज अन्तरगत १ सय ७८ वटा शाखाका कोषाध्यक्ष लगायत शाखाका पदाधिकारीहरु र नेपाल जेसीजका पदाधिकारीहरुको सहभागिता हुनेछ ।

हालसम्म ५० जना भन्दा बढीको रजिष्ट्रेसन भइसकेको कोषाध्यक्ष कार्कीले बताए । कार्यक्रममा मकवानपुरको र थाहा नगरको पर्यटकीय स्थलहरुको बारेमा जानकारी गराईनुका साथै थाहा नगरको अध्ययन अवलोकन गराईने छ । थाहा नगरको पर्यटन प्रवर्द्धनका लागि यस कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने पालुङ जेसीज वर्ष २०२३ का अध्यक्ष संगम कार्कीले बताए । कार्यक्रमकै अवसरमा चित्लाङमा प्याराग्लाईडिङ, पालुङ आग्रा पदयात्रा, कुलेखानी इन्द्रसरोबरमा बोटिङ गर्न सकिने पनि आयोजकले जनाएको छ ।

# हेटौंडामा उद्योग वाणिज्य संघ चितवनसँग छलफल

साझाकुरा संवाददाता



हेटौंडा, १२ कार्तिक/ मकवानपुर उद्योग वाणिज्य संघमा आइतबार उद्योग वाणिज्य संघ चितवनको टोलीसँग छलफल भएको छ ।

उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको नेतृत्वमा १५ सदस्यीय भ्रमण टोली हेटौंडा आएका थिए । मउवासंघका कार्यवाहक अध्यक्ष अनिल अग्रवालको अध्यक्षतामा भएको छलफल कार्यक्रममा उनले संघको स्थापनादेखि संघले सम्पादन गरेका गतिविधि र मकवानपुर जिल्लाको धार्मिक तथा पर्यटकीय गन्तव्यहरुको बारेमा चर्चा गरेका थिए । उनले आर्थिक मन्दीले व्यवसायिक कारोवार निराशाजनक रहेको र यस परिस्थितिले विदेश पलायन बढाउने चिन्ता व्यक्त गरे ।

छलफलमा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा मउवासंघका निवर्तमान अध्यक्ष कृष्ण कटुवालले चर्को बैंक ब्याज र आर्थिक मन्दीको प्रभाव न्यूनीकरण गर्न नेपाल उद्योग वाणिज्य महासंघले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने त्यसो हुन नसकेमा उवासंघहरु एकै ठाउँमा उभिएर साझा धारणा बनाएर उद्योगी/व्यवसायीहरुको समस्या समाधान गर्न दवाव सिर्जना गर्नुपर्ने बताए ।

यसैगरी, उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष श्रेष्ठले मकवानपुर र चितवनको धेरै परिवेशहरु मिल्दोजुल्दो रहेको, कृषि तथा पर्यटनमा चितवन अघि बढिरहेको, चितवन मेडिकल सिटीको रुपमा विकास हुँदै गएको, उवासंघ चितवनले चेम्बर लर्निङ सेन्टर स्थापना गरेको, जसले युवा तथा महिला उद्यमशीलता विकास, नव उद्यम प्रवर्द्धन र विदेशबाट फर्केकाहरुको लागि रिटर्नी उद्यम संचालन जस्ता अवधारणामा लर्निङ सेन्टरले काम गर्ने बताए । आइतबार मकवानपुरको चित्लाङमा बास बस्ने सोमबार धुलिखेलमा र मंगलबार भक्तपुर हुँदै चितवन फर्कने भ्रमण तालिका रहेको जनाइएको छ ।

# हेटौंडा च्यालेञ्ज कपलाई सहयोग जुट्दै

साझाकुरा संवाददाता



हेटौंडा, १२ कार्तिक/ हेटौंडामा 'राष्ट्रिय खेलाडी बन्ने होड, खेलाडी उत्पादनमा जोड' भन्ने नाराका साथ आयोजना हुन लागेको उमेर समूहको फुटबल प्रतियोगितामा सहयोग जुट्दै गइरहेको छ ।

आगामी मंसिर ५ गतेदेखि सुरु हुने यु-२१ हेटौंडा च्यालेञ्ज कपलाई प्रथम पुरस्कार वापतको रकम सहयोग प्राप्त भएको छ । एफसी मुण्डियाल, हेटौंडाको आयोजनामा हुन गइरहेको प्रतियोगिताका लागि स्व सुदर्शन घिमिरेको स्मृतिमा शुष्मा घिमिरे र सपरिवारको तर्फबाट प्रथम पुरस्कार वापतको १ लाख ११ हजार १ सय ११ रुपैयाँ आयोजक क्लबलाई हस्तान्तरण गरिएको छ । पुरस्कार प्रायोजनसँगै प्रतियोगिताको नामाकरण 'स्व सुदर्शन घिमिरे स्मृति यु-२१ हेटौंडा च्यालेञ्ज कप' गरिएको छ ।

क्लबका कार्यक्रम संयोजक सुदिप सिंह ठकुरीले प्रतियोगिताको तयारी तीव्र पारिएको र सहयोगी हातहरु बढ्दै गइरहेको बताए । जिल्लामा रहेका युवा फुटबल खेलाडीहरुलाई अवसर प्रदान गर्न प्रतियोगिता आयोजना गर्न लागिएको उनले बताए । च्यालेन्ज कप फुटबल प्रतियोगिताका लागि अनिल पाण्डेले पनि सहयोग गरेका छन् । जेनिथ विद्यालय र हेटौंडा सिटी कलेजका सञ्चालक अनिल पाण्डेले नगद ५५ हजार रुपैयाँ सहयोग गरेका छन् । पाण्डेले प्रतियोगिता आयोजनाका लागि सहयोग गरेको आयोजक एफसी मुण्डियालका सञ्चालक सुविन घिमिरेले बताए ।

# भीमफेदीमा भिरबाट लडेर स्याङ्तानको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १२ कार्तिक/ मकवानपुरको भीमफेदी गाउँपालिकामा भिरबाट लड्दा १ जनाको मृत्यु भएको छ ।

आइतबार दिउँसो भिमफेदी-३ बेसारघारी बस्ने ७० वर्षीय गणेश बहादुर स्याङतानको भिरबाट लडेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरीका अनुसार स्याङ्तान घरदेखि डेढ किलोमिटर पश्चिमतर्फ रहेको भिरमा घास काट्न जादाँ लडेका थिए ।


## हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड

हेटौंडा, मकवानपुर

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

***सूचना प्रकाशित मिति : २०८०/०७/१३***

यस बोर्डबाट कार्यालयको लागि आवश्यक पर्ने विभिन्न साइजको एच.डि.पि.ई पाइपहरु खरिद कार्य गर्नको लागी देहाय बमोजिमको प्रस्तावदाताको प्रस्ताव स्वीकृत गर्ने आशयको लागी सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

***देहाय,***

| सूचना नं. | कामको विवरण | प्रस्तावदाताको नाम र ठेगाना | प्रस्ताव अंक |
|---|---|---|---|
| १-२०८०/०८१ | विभिन्न साइजका एच.डि.पि.ई पाइपहरु खरिद तथा ढुवानी कार्य, खानेपानी बोर्डको कार्यालय, हेटौंडा वडा नं. २, हरिकुञ्ज रोड, मकवानपुर | श्री गोदावरी प्लाष्ट्रोक्राफ्ट इण्डष्ट्रिज प्रा.लि., हेटौंडा, मकवानपुर | रु.१,१८,८६,७५२।५० (मु.अ.कर समेत) |

## जनहितमा जारी सूचना




उद्धव सत्याल (अध्यक्ष)
१७ नम्बर वडा कार्यालय,
**हेटौंडा उपमहानगरपालिका**

## जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त वडाबासीमा अनुरोध गर्दछौं ।

फुर्वा दोर्जे लामा (अध्यक्ष)
१० नम्बर वडा कार्यालय,
**हेटौंडा उपमहानगरपालिका**

## जय शिव शम्भो

### धार्मिक यात्रामा जाने हो ?

मथुरा, वृन्दावनको लागि २०८० मंसिर १४ गते रिजर्भ बस खुल्दैछ



*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
**गोपाल थापा**
**हेटौंडा बसपार्क**
**९८४५२९७६८१**

## हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

### व्यवसाय दर्ता घुम्ती शिविर सञ्चालनसम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र व्यापार वा पेशा व्यवसाय संचालन गरिरहनु भएकाहरुको लागि आ.व. २०८०/८१ को पौष मसान्तसम्म व्यवसाय दर्ता गर्न आएमा एक पटकको लागी विगत ३ वर्षको मात्र राजश्व लिई व्यवसाय दर्ता घुम्ती परिचालन टोली निम्न वडा ३, ४, ५, ६, ७, ८, ९, ११, १२, १३, १४, १५, १६, १७, १८ र १९ वडाहरुमा मिति २०८० कात्तिक १३ गते देखि पौष मसान्तसम्म तपशिल अनुसारको मितिहरुमा सन्चालन गरिने भएको हुंदा सम्बन्धित व्यवसायी, उद्यमी, सस्थागत विद्यालय, निजी कम्पनि, व्यापार व्यवसाय लगायतका बिभिन्न आयमूलक काममा संलग्न फार्महरुलाई व्यवसाय दर्ता गर्नु हुन जानकारी गराईन्छ । र बांकी वडाका व्यवसायीहरुले आफुलाई पायक पर्ने वडा तथा हे.उ.म.न.पा.को राजश्व शाखामा आई व्यवसाय दर्ता गर्न सकिने छ । साथै व्यवस्थाय दर्ता गर्न आउँदा तपशिलका कागजात लिइ आउनु हुन अनुरोध गरिन्छ ।

**तपशिल**:-
१. व्यवसाय दर्ता निवेदन पत्र ।
२. व्यवसाय अन्य निकायमा दर्ता भएको भए सोको प्रतिलिपी ।
३ आफ्नै छ र भएमा लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी (एकाघरको हकमा मन्जुरीनामा ) ।
४. बहालमा भएमा घर धनिको लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी साथै बहाल सम्झौता पत्रको प्रतिलिपी ।
५. व्यवसायीको नेपाली नागरिकताको फोटोकपी र दुई प्रति पासपोर्ट साइजको फोटो ।
६. कम्पनी/प्रा.लि. को हकमा प्रवन्धपत्र, नियमावली, प्रा.लि.दर्ता प्रमाण पत्रको प्रतिलिपी,अख्तियार नामा लिई दर्ता गर्न आउने व्यक्तिको नागरिकताको प्रतिलिपी, तथा कम्पनीको छाप अनिवार्य ।
७. सर्जिमिन गर्नुपर्ने प्रकृतिका व्यवसायलाई स्थलगत सर्जिमिन मुचुल्का तथा वडाको सिफारिस ।

**पुनश्च** :-
माथि उल्लेखित कागजात नभएमा निम्न कागजाश पेश गर्नु पर्नेछ ।
१. ऐलानी तथा पर्ती जग्गामा अस्थाई बसोबास गर्ने व्यक्तिहरुले जग्गा धनी प्रमाण पुर्जा (निस्सा कार्ड)
२. सम्बन्धित वडा कार्यालयको शिफारिस ।
३. बिगतका सुकुम्बासी समाधान आयोगमा दर्ताको लागि पेश गरेको निस्सा र खानेपानी तथा बिद्युत मिद्दर जडानको प्रमाइँ लिई आउनु हुन जानकारी गराईन्छ ।

**तपशिलका वडा कार्यालयहरूमा व्यवसाय घुम्तीशिविर सन्चालन गरिने ५ ।**

| सि.नं. | वडा नं. | मिति |
|---|---|---|
| १ | १९ | २०८०/०७/१३ देखि २०८०/०७/१५ |
| २ | ३ | २०८०/०७/१६ देखि २०८०/०७/१९ |
| ३ | ११ | २०८०/०७/२० देखि २०८०/०७/२२ |
| ४ | १२ | २०८०/०७/२३ देखि २०८०/०७/३० |
| ५ | १३ | २०८०/०८/०४ देखि २०८०/०८/०६ |
| ६ | १४ | २०८०/०८/०७ देखि २०८०/०८/१० |
| ७ | १५ | २०८०/०८/११ देखि २०८०/०८/१३ |
| ८ | १८ | २०८०/०८/१४ देखि २०८०/०८/१७ |
| ९ | १७ | २०८०/०८/१८ देखि २०८०/०८/२० |
| १० | १६ | २०८०/०८/२१ देखि २०८०/०८/२४ |
| ११ | ६ | २०८०/०९/२५ देखि २०८०/०८/२७ |
| १२ | ७ | २०८०/०८/२८ देखि २०८०/०९/०१ |
| १३ | ८ | २०८०/०९/०२ देखि २०८०/०९/०४ |
| १४ | ९ | २०८०/०९/०५ देखि २०८०/०९/०८ |
| १५ | ४ | २०८०/०९/११ देखि २०८०/०९/१३ |
| १६ | ५ | २०८०/०९/१६ देखि २०८०/०९/१८ |

**हेटौंडा उपमहानगरपालिका**
**राजश्व प्रशासन शाखा**

## जनहितमा जारी सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

| मुलुकी अपराध संहिता २०७४ | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३) | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म गरिवाना हुनेछ । |
| विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । | |

बागमती गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना